


जानकारीमूलक चित्रकथा


कताबाट हो ?
शहरबाट, बीउसम्बन्धी तालिममा भाग लिएर आएको नि ।
बीउसम्बन्धी तालिम रे ? अनि केही नयाँ कुरा सिकियो त ?
धेरै सिकियो नि । बीउमा कृषक अधिकार सम्बन्धी जान्नुपर्ने त धेरै कुराहरू पो रहेछन् त ।
कस्तो कुराहरू, हामीलाई पनि सुनाउनुस् न ।
यस्तो ज्ञान त सबैसँग बाँड्छु नि । बरू भरे चार बजे अरू साथीहरू पनि बोलाएर तल चौतारीमा भेटौं न ।


लौ सुन्नुस्, हामीले बीउमा कृषक अधिकारसम्बन्धी बुझ्नैपर्ने कुराहरू त थुप्रै रहेछन्, तर म तपाईंहरूलाई तिनवटा महत्वपूर्ण कुराहरू भनौं है त ।


पहिलो कुरोः जो कोहिले पनि नयाँ बीउ विकास र सिर्जना गरेपछि, चाहे त्यो बीउ कम्पनी होस् वा कृषक, त्यस्तो बीउको उपयोगमा बौद्धिक सम्पत्ति अधिकार लिन सक्ने रहेछन् ।


बौद्धिक सम्पत्ति अधिकार रे ? कस्तो अधिकार रहेछ यो ?
त्यो भनेको, जस्तैः तपाईंले कुनै नयाँ वस्तु वा प्रविधि सिर्जना गरेको खण्डमा त्यसको उत्पादन, बिक्रीवितरण, आदिमा तपाईंलाई मात्र केही निश्चित वर्षका लागि सरकारले प्रदान गर्ने एक किसिमको एकाधिकार रहेछ ।



दोस्रो कुरोः सिर्जना गरिएको नयाँ बीउको उत्पादन, बिक्रीवितरण, आदिका लागि दिइने बौद्धिक सम्पत्ति अधिकार चाहिँ दुई किसिमका हुँदा रहेछन्ः पेटेन्ट अधिकार र प्रजनक अधिकार ।
पेटेन्ट प्राप्त गर्न बीउमा नौलोपना, बीउको सिर्जना गर्दा सिर्जनात्मक कदमको प्रयोग गरिएको, र बीउको औद्योगिक उपयोगिता भएको हुनुपर्ने रहेछ । प्रजनकको अधिकार भने पेटेन्टको विकल्पमा लिन सकिने रहेछ, जसका लागि बीउमा पृथकता, एकरूपता, स्थायित्व र नौलोपना गरी चार गुण रहेको हुनुपर्दो रहेछ ।
तेस्रो कुरोः नेपालमा बन्दै गरेको कानुनमा यी दुई विकल्पमध्ये बीउमा पेटेन्ट नदिई प्रजनकको अधिकार दिने व्यवस्था गर्न लागिएको रहेछ ।
यो कानुन आएपछि प्रजनकले बीउको उपयोगमा कस्तो अधिकार पाउने रहेछन् त ?
ल ध्यान दिएर सुन्नुस् । नयाँ बीउको उत्पादन, पुनःउत्पादन, बिक्रीवितरण र आयात-निर्यात गर्ने जस्ता कार्यमा अरूलाई रोक लगाई केही निश्चित वर्षका लागि यस्ता सबै कार्य आफूले मात्र गर्न पाउने अधिकार प्रजनकसँग हुँदो रहेछ ।


उसो भए त यो कानुन आएपछि हामीजस्ता कृषकले वर्षौंदेखि गर्दै आएको बीउसँग सम्बन्धित काम गर्न नपाइने हो कि कसो ? जस्तो कि, कृषक वा अरू कसैले प्रजनकको अधिकारद्वारा संरक्षित बीउ जगेर्ना, पुनःप्रयोग, साटासाट र बेचबिखन गर्न पाउँछन् कि पाउँदैनन् ?
कुरो त्यसो होइन । यस्तो कानुनले प्रजनकको अधिकारको उपयोगमा केही अपवाद र सीमाहरू पनि राख्न सक्ने रहेछ । जस्तैः प्रजनकले केही निश्चित अवस्थामा आफूले सिर्जना गरेको नयाँ बीउको उपयोगमा अरूमाथि बन्देज लगाउन नपाउने भनी कानुनमा व्यवस्था गर्न सकिने रहेछ ।
कस्तो अवस्थामा रोक लगाउन नसक्ने रहेछ नि ?
१. निजी रूपमा वा गैरव्यापारिक उद्देश्यले त्यस्तो नयाँ बीउ उपयोग गर्नबाट रोक लगाउन नसक्ने
२. अध्ययन, अध्यापन र अनुसन्धानका लागि नयाँ बीउ उपयोग गर्नबाट रोक लगाउन नसक्ने
३. अन्य जात प्रजनन र विकास गर्ने उद्देश्यका लागि नयाँ बीउ उपयोग गर्नबाट रोक लगाउन नसक्ने


त्यसो भए हाम्रो कानुनले पनि यस्तो व्यवस्था गरिदिए त हामीलाई समस्या नपर्ने रहेछ, हैन त ?
हो । तर ध्यान दिनुपर्ने कुरा के रहेछ भने कानुनमा राखिनुपर्ने यस्ता छुटहरूको उपयोग विशेषगरी अनुसन्धानकर्ताहरूले मात्र गर्न सक्ने रहेछन् । हामीजस्ता कृषकहरूको बीउसम्बन्धी अधिकारको वृहत् संरक्षणको लागि त विशेष व्यवस्था गरिनुपर्ने रहेछ ।
बीउमा कृषक अधिकार भनेको के हो र तिनको वृहत् संरक्षणका लागि कस्तो विशेष व्यवस्था गरिनुपर्छ, अलि बुझाउनुस् न ।
यसबारे मैले तालिममा बाँडिएको पोष्टर लिएर आएको छु । विषय गम्भीर र महत्वपूर्ण छ, त्यसैले सबैले ध्यान दिएर हेरौं है त ।

# बीउमा कृषक अधिकार




प्रजनकको अधिकारद्वारा संरक्षित नयाँ बीउ र कृषक आफैंले विकास गरेका नयाँ बीउ (कृषकका जात) मा कृषकले पाउनुपर्ने अधिकारलाई आर्थिक–सामाजिक र वातावरणीय समता र समग्र विकासको दृष्टिकोणबाट विश्लेषण गरिनुपर्दछ । यसरी विश्लेषण गर्दा सरकारले विशेषगरी प्रजनक र कृषक दुवैको हितलाई ध्यानमा राखि कृषकका निम्न अधिकारहरुलाई बिरुवाको जात संरक्षणसम्बन्धी राष्ट्रिय कानूनद्वारा संरक्षण गर्नुपर्छ ।

### प्रजनकको अधिकारद्वारा संरक्षित नयाँ बीउमा

- नयाँ बीउलाई जीविकोपार्जनका उद्देश्यले कृषकले जगेर्ना, साटासाट र पुनःप्रयोग गर्न पाउने र ब्राण्ड प्रयोग नगरी बेच्न पाउने अधिकार
- नयाँ बीउको प्रजनकले नयाँ बीउ विकास गर्न कृषकको जात वा ज्ञान वा दुवैको उपयोग गरेको भए उक्त नयाँ बीउको व्यापारिक उपयोगबाट सिर्जित लाभमा समन्यायिक रूपमा हिस्सेदार बन्न पाउने अधिकार
- प्रजनकले नयाँ बीउको विकास गर्नुपूर्व सरकार र कृषकसँग पूर्वसुसूचित सहमति नलिएको र लाभको बाँडफाँड सम्झौता नगरेको वा सो बीउउपर प्रजनकको अधिकार लिने क्रममा बीउको सही स्रोत स्थल, समुदाय र मूल जात नखुलाएको ठहर भएमा क्षतिपूर्ति पाउने वा सो बीउमा स्वामित्व दाबी गर्न वा प्रजनकको अधिकार खारेज गर्न पाउने अधिकार
- प्रजनकले आपूर्ति गरेको नयाँ बीउ खराब भए वा गलत सूचना दिएको कारणले कृषकलाई हानी-नोक्सानी भए उचित क्षतिपूर्ति पाउने अधिकार
- प्रजनकले नयाँ बीउ आपूर्ति नै नगरे वा बदनियतपूर्ण र गैरप्रतिस्पर्धात्मक ढङ्गले आपूर्ति गरे सो बीउमा सरल र सहज रूपमा पहुँच पाउने अधिकार

### कृषकको नयाँ बीउ र सम्बन्धित ज्ञानमा

- स्थानीय स्तरमा उपलब्ध बिरुवाको जातबाट आफूले विकास गरेको नयाँ बीउ र सम्बन्धित ज्ञान निःशुल्क दर्ता गरी त्यस्तो बीउ र ज्ञानमा स्वामित्व पाउने अधिकार
- स्वामित्व पाएको नयाँ बीउ र सम्बन्धित ज्ञानको व्यापारिक उपयोगका लागि तेस्रो पक्षलाई पूर्वसुसूचित सहमति र लाभको बाँडफाँड सम्झौता भएपछि मात्र पहुँचका लागि सहमति दिने अधिकार
- दर्ता गरी स्वामित्व पाएको नयाँ बीउ र सम्बन्धित ज्ञानको हरेक चरणको व्यापारिक उपयोगबारे सही जानकारी पाउने अधिकार







## कृषक अधिकारसम्बन्धी थप जानकारी र प्रतिक्रियाका लागि

सावती (South Asia Watch on Trade, Economics & Environment–SAWTEE)
पो.ब.नं. १९३६६, २५४ लामटाङ्गिन मार्ग, बालुवाटार, काठमाडौं
फोनः ४४१५८२४, ४४४४४३८, फ्याक्सः ४४४४५७०
ईमेलः sawtee@sawtee.org, वेबः www.sawtee.org

साउथ एशिया वाच अन ट्रेड, इकोनोमिक्स एण्ड इन्भायरोन्मेन्ट (सावती) को स्थापना सन् १९९४ मा दक्षिण एशियाका गैरसरकारी संस्थाहरूको संयुक्त प्रयासबाट भएको हो । दक्षिण एशियाका ११ संस्था सदस्य रहेको सावती उदारीकरण, विश्वव्यापीकरण र विश्व व्यापार संगठनसम्बन्धी विषयवस्तुमा अनुसन्धान र सम्बन्धित सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने उद्देश्यका साथ दक्षिण एशियाली क्षेत्रीय सञ्जालको रूपमा कार्यरत छ । त्यस्तै गैरसरकारी संस्थाका रूपमा सन् १९९९ मा नेपालमा दर्ता भई सावतीले राष्ट्रिय र स्थानीय स्तरमा विभिन्न परियोजना र कार्यक्रमहरू पनि संचालन गर्दै आएको छ ।

ली-बर्ड (Local Initiatives for Biodiversity, Research and Development–LI-BIRD)
पो.ब.नं. ३२४, गैह्रापाटन, पोखरा
फोनः ६१-५३५३५७, ५२६८३४, फ्याक्सः ६१-५३९९५६
ईमेलः info@libird.org, वेबः www.libird.org

वि.सं. २०५२ मा स्थापित जैविक विविधता, अनुसन्धान तथा विकासका लागि स्थानीय पहल (ली-बर्ड) एक गैर-सरकारी संस्था हो । प्राकृतिक स्रोत, जैविक विविधता र पर्यावरणीय सेवाहरूको अनुसन्धान तथा विकासमा सहकार्य र सहभागितामूलक प्रणालीहरूको अवलम्बनबाट अवसरहरूको सिर्जना गरी गरीब तथा सिमान्तकृत वर्गको जीवनस्तर सुधार गर्दै गरिबी निवारण र सामाजिक न्यायको सुधार मा टेवा पुऱ्याउनु ली-बर्डको मूल उद्देश्य हो । कृषक, कृषक समुदाय तथा समुदायमा आधारित संघ-संस्थादेखि राष्ट्रिय र अन्तर्राष्ट्रिय सरकारी तथा गैरसरकारी संस्थाहरूसँगको साझेदारीमा नेपालका विभिन्न जिल्लामा यो संस्था कार्यरत छ ।

यो चित्रकथा IDRC Canada को सहयोगमा सावती र ली-बर्डको संयुक्त पहलमा संचालित तीनवर्षे परियोजना Promoting Innovative Mechanisms for Implementing Farmers' Rights through Fair Access to Genetic Resources and Benefit Sharing Regime in Nepal अन्तर्गत प्रकाशन गरिएको हो ।

कपिराइटः सावती र ली-बर्ड, २०६६. चित्र र सज्जाः अविन श्रेष्ठ, मुद्रकः जगदम्बा प्रेस ।